आज मिति २०७६/०३/२६ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | Note of dissent |
| ३ | श्री मेघनाथ पाध्या | प्रमुख प्र. अधिकृत | बुद्धभूमी न.पा. | |
| ४ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ५ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ६ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ७ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ८ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ९ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| १० | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| ११ | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| १२ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १३ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १४ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १५ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १६ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | प्रभावती |
| १७ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | बिमला |
| १८ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| २० | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २१ | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |

Scanned by CamScanner

## मिति: २०७६।०३।२६ गतेको बुद्धभूमी नगरकार्यपालिकाको निर्णयहरु

**प्रस्ताव नं. १.** **बुद्धभूमी न.पा.लाई वालविवाहमुक्त तथा पूर्णखोप मुक्त नगर घोषणा सम्वन्धमा।**

**निर्णय नं.** बुद्धभूमी नगरपालिकाका सम्पूर्ण वडाहरूलाई पूर्णखोप तथा बालबिवाह मूक्त वडा घोषण भई सकेको हुँदा नगर घोषणाका लागि जिल्ला समन्वय समितिबाट समेत अनुगमन भई बालविबाह र पूर्ण खोप मुक्त नगर घोषणाका लागि समेत सिफारिस भएकोले बुद्धभूमी नगरपालिकालाई २०७६ साल श्रावण महिनाको तेस्रो हप्ता भित्र बाल विवाह तथा पुर्ण खोप मुक्त नगर घोषणा गर्नका लागि प्रमुख अतिथीको रूपमा ५ नं. प्रदेशका मूख्यमन्त्री वा सामाजिक विकास मन्त्री वा अन्य प्रतिष्ठित व्यक्तिलाई आमन्त्रण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २** **हरिहरपुर लगायतका तालको ठेक्का सम्वन्धमा।**

**निर्णय नं.** बुद्धभूमी नगरपालिका भित्रका सम्पूर्ण वडाहरूमा रहेका ताल तलैयाहरू मध्ये केही ताल तलैयाहरू नगरपालिकाबाट ठेक्का बन्दोवस्त भई सञ्चालनमा रहेका र बाँकी केही ताल तलैयाहरू समुदायबाट ठेक्का प्रकृयामा रहेकोले त्यस्ता ताल तलैयाहरूलाई नगरपालिकाबाट व्यवस्थापनको लागि पहल गर्ने र हरिहरपुर तालको ठेकेदारसँग सम्पर्क र समन्वय गरी बाँकी रकम नगरपालिकाद्वारा असुल गर्नका लागि ठेकेदार सँग भएको सम्झौताको कागजात सामुदायिक वन सँग माग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३** **पत्र पत्रिका, रेडियो, टेलिभिजन तथा अनलाईन मिडियासंगको सहकार्य गर्न दररेट निर्धारण गर्ने सम्वन्धमा।**

**निर्णय नं.** बुद्धभूमी नगरपालिकाको आ.व. २०७६।७७ मा नगरपालिकाबाट रेडियो, पत्रपत्रिका, अनलाइन मिडिया तथा टेलिभिजनबाट सूचना, सन्देश, शुभकामना समवेदना जस्ता विषयहरू निम्न दररेटमा सम्झौता गरी प्रसारण गर्नु पर्ने र अन्य ठेक्का पट्टा व्यवस्थापनका लागि दिइने सूचना तथा अन्य विज्ञापनहरू यस नगरपालिकामा सूचिकृत प्रमाण पत्र लिएका मिडिया एजेन्सीहरूबाट प्रतिस्पर्धा गराई न्यूनतम दररेटमा प्रसारण गर्नका लागि कार्यालय प्रमुख र नगरप्रमुख दुवैको पूर्व स्वीकृत लिएर दिइएका सूचनाहरूको मात्र नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो।

| क्र.स. | मिडिया | ईकाई | स्थान विशेष | दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | रेडियो | मासिक | बुद्धभूमी न.पा. भित्र | ३०००।०० | |
| | | मासिक | अन्य न.पा. | २०००।०० | |
| २ | पत्रिका | संख्या अंकको आधार | जिल्ला भित्रवाट प्रकाशन हुने साप्ताहिक र दैनिक | प्रति अंक रु. ४००।- मू.अ.कर समेत | |
| ३ | टेलिभिजन कार्यक्रम निर्माण तथा प्रशारण | ईपिसोड संख्या | बढीमा ६ ईपिसोड स्थानीय टेलिभिन संचालकहरुको लागि संझौता अनुसार | ५०००।०० | |
| | | | वाह्य टेलिभिजन च्यानल प्रशारकको हकमा वढीमा ४ ईपिसोड संझौता अनुसार | रु. २५००।०० | |
| ४ | अनलाईन मिडिया | एकमुष्ट | जिल्ला भित्रवाट संचालन | ३०००।०० | |

**प्रस्ताव नं. ४** **एकीकृत योजना तर्जुमा समितिबाट सिफारिस भएका आ.व. २०७६/०७७ को समितिगत कार्यक्रम तथा बजेट पेश गर्ने सम्वन्धमा।**

**निर्णय नं.** बुद्धभूमी नगरपालिकाको आ.व. २०७६/०७७ का लागि सम्पूर्ण टोलवस्ती स्तर हुँदै वडाबाट सिफारिस भई विभिन्न विषयगत समितिबाट योजना तथा कार्यक्रम सहित बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भई व्यापक छलफल सहित निर्णय भई कार्यपालिका बैठकमा पेश हुन आएकोले यस बैठकमा गहन छलफल गरी उक्त योजना तथा कार्यक्रमहरूलाई आ.व. २०७६।७७ का लागि पाँचौ नगर सभाको दोस्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने निर्णय गरियो।

३।२६

[illegible]
प्रमुख प्रशासकीय अधिकृत
[illegible]

२०७६।०३।२६
केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

प्रस्ताव नं. ५ सेवा करार तथा ज्यालादारीमा काम गर्ने कर्मचारीहरुको सेवा अवधि सम्वन्धमा ।

निर्णय नं. नगर कार्यापालिकाको कार्यालय, वडा कार्यालयहरु, लगायत विभिन्न शाखामा कार्यरत ज्यालादारी तथा सेवा करारका कर्मचारीहरुको सेवा २०७६ आषाढ मसान्त भित्र सकिने भएको र उक्त सेवा यस कार्यालयलाई अझै पनि आवश्यक रहेको हुदा स्थायी पदपुर्ति प्रक्रियावाट बहाली भएमा वा सेवा सन्तोषजनक नभएमा स्वतः अवकाश हुने गरि कार्यसम्पादन मूल्यांकनको आधारमा बढीमा ६ महिनाको लागि कार्यालयले म्याद थप गर्न सक्नेछ। साथै निजहरुले पाएको सेवा सुविधा कार्यसम्पादन मूल्यांकनको आधारमा कार्यालयले पुनरावलोकन गरि सेवाको निरन्तरता दिनेछ ।

प्रस्ताव नं. ६. शिक्षकहरुको तलव नपुग सम्वन्धमा ।

निर्णय नं. यस बुद्धभूमी नगरपालिका भित्रका स्वीकृत दरबन्दीका शिक्षकहरुका (आधारभुत, माध्यमिक, प्रारम्भिक वाल विकास, पूर्व प्राथमिक कक्षाका सहजकर्ता, परम्परागत धार्मिक तथा बैकल्पिक विद्यालय) लागि नपुग तलव/सुविधा जम्मा रु. ५० लाख ३२ हजार ५ सय कार्यालयको स्थायी कर्मचारीको तलव बजेट खर्च शिर्षक नं. २११११ बाट संघीय मन्त्रालयवाट प्राप्त हुनासाथ शोधभर्ना गर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ७ सञ्चितकोषमा आय वृद्धि रकम सम्वन्धमा ।

निर्णय नं. चालु आ.व.२०७५।०७६ को जेष्ठ मसान्त सम्मको यथार्थ आय तथा खर्चको आधारमा आगामी आ.व. २०७६।०७७ को राजश्व अनुमान गरिएको छ । सञ्चितकोषमा आय वृद्धि भई अनुमान गरे भन्दा बढी सञ्चित भएमा सो सञ्चित भएको बजेटबाट ऐन, नियमको परिधि भित्र रही योजना तथा कार्यक्रम बनाई बजेट समावेश गर्न सकिने व्यवस्थालाई निरन्तरता राखी पाँचौं नगर सभाको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ विविध :

प्रस्तावः क त्रिनेत्र बहुउददेश्य पशुपालन तथा माछापालन फर्म तथा बुड्ढी तालको ठेक्का निवेदन सम्वन्धमा ।

निर्णय नं. त्रिनेत्र बहुउददेश्य पशुपालन तथा माछापालन फर्मको मिति २०७६।३।१५ गतेको निवेदनमा गर्मीको कारणले १०० क्वी. माछा गर्मीको कारणले मरी नोक्सान हुन गएकोले संझौताको म्याद ५ बर्ष थप गरिदिन हुन माग गरेको तथा यो बर्ष बुड्ढी तालको पानी सुकेर माछा मरेको हुदा ठेक्का रकम मिनाहा माग सम्वन्धमा छलफल हुदा उक्त दुवै तालको स्थलगत अध्ययन गरी प्रतिवेदनको आधारमा कार्यवाही अगाढी बढाउने निर्णय गरियो ।

प्रस्तावः ख आन्तरिक आयका ठेकेदारहरुको निवेदन सम्बन्धमा ।

निर्णय नं. बुद्धभूमी नगरपालिकाले आ.व. २०७६/०७७ का लागि विभिन्न किसिमका आय ठेक्काहरू डाँक बढाबढको माध्यमबाट व्यवस्थापन गर्ने गरी मिति २०७६।०३।०४ मा सूचना प्रकाशन भई दर्ता हुन आएका व्यक्ति, फर्महरूबाट लिएको राजश्व नगरपालिकाले ठेक्का व्यवस्थापनलाई अझै सरल, सहज, निष्पक्ष किसिमले गर्नका लागि सम्पूर्ण आय ठेक्काहरू सिलबन्दी बोलपत्रको माध्यमबाट व्यवस्थापन गर्न कार्यालयबाट मिति २०७६।०३।१७ गते निर्णय भई पुनः सूचना प्रकाशन गरिएकोले प्रथम पटक दर्ता भएका व्यक्ति, फर्महरूलाई रू. १ हजार राजश्व फिर्ता गर्नु पर्ने भएकोले उक्त रकम नगरपालिकाको सञ्चितकोषबाट फिर्ता गर्ने निर्णय गरियो ।

प्रस्तावः ग बुद्धभूमी न.पा. वडा नं. ८ निवासी बुधनी केवटिनको निवेदन सम्बन्धमा ।

निर्णय नं. बुद्धभूमी न.पा. वडा नं. ७ झुसिया बस्ने अधारे केवटको बुहारी बटोही केवटको पत्नी भानमती केवटको मिति २०७६।२।१८ गते असामयिक निधन भएको, निज मृतकका १ दुधे बालक सहित ८ जना नावालक सन्तानहरुको पालन पोषण मृतककी सासु बुधनी केवटिनले गरिरहेको, निजको घरको आर्थिक अवस्था निकै कमजोर भएको तथा बर्षातको समयमा फुसको छानो चुहिएर बालबालिकाहरु सहित परिवारका सदस्यलाई बस्न समेत गाह्रो भएको हुदा विपद् व्यवस्थापन कोषवाट उपलब्ध गराउनको लागि रु. २०,०००।०० उक्त कोषबाट सहायता दिने निर्णय गरियो ।

२०७६।०३।२५

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

**प्रस्तावः घ  बुद्धभूमी न.पा. वडा नं. ३ बोक्टापुर (दोन्द्रा) निवासी धन बहादुर गुरूङको निवेदन सम्वन्धमा।**

निर्णय नं.  बुद्धभूमी न.पा. वडा नं. ३ बोक्टापुर (दोन्द्रा) निवासी धन बहादुर गुरुगको सम्पूर्ण परिवारको मानसिक स्थिती ठिक नभएको तथा निजको घरमा आगलागी भएको हुदा बर्षायाममा घरको छानो नहुदा अत्यन्तै कठिन भएको अवस्थाको मध्यनजर गरि **विपद् व्यवस्थापन कोषवाट** राहत उपलब्ध गराउनको लागि रु. २५,०००।०० उक्त कोषबाट सहायता दिने निर्णय गरियो।

**प्रस्तावः ङ  अर्थिक सहायता सम्बन्धमा।**

निर्णय नं.  बुद्धभूमी नगरपालिका वडा नं. ३ निवासी इन्द्रमणि पौडेल प्यारालाइसिस भई काठमाण्डौ उपचार गराई रहेको हुनाले उहाँको आर्थिक अवस्था कमजोर भएकोले निजलाई आर्थिक सहयोग स्वरूप रू. २५,०००।- दिने निर्णय गरियो। साथै उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

**प्रस्तावः च  बुद्धभूमी न.पा. १० नम्वर वडा कार्यालय पत्र सम्बन्धमा।**

निर्णय नं.  ईमर्जेन्सी सेल्टर निर्माण गर्नको लागि शहरी विकास मन्त्रालय सिंहदरवार काठमाण्डौवाट रु. २ करोड बजेट बुद्धभूमी न.पा. वडा नं. १० को लागि विनियोजन भएको हुदा बुद्धभूमी न.पा. वडा नं १० को मलवा गाउको पूर्व धनकौली ३ ख कि.नं. २३० मध्ये दक्षिण तर्फ ०-८-० जग्गा उपलब्ध गराई ईमर्जेन्सी सेल्टर बनाउनको लागि सिफारिस दिने निर्णय गरियो।

**प्रस्तावः छ  कार्यपालिका सदस्यहरूलाई यातायात खर्च उपलब्ध गराउने सम्वन्धमा।**

निर्णय नं.  बुद्धभुमी नगरपालिकाका वडा अध्यक्ष वाहेकका ८ जना कार्यपालिका सदस्यहरुको लागि तेस्रो नगरसभावाट रु. १५००।- प्रति महिना प्रति व्यक्तिका दरले यातायात खर्च दिने भनि निर्णय भएको तर बजेट विनियोजन नभएकोले उक्त खर्च कन्टेन्जेन्सी शिर्षकमा बजेट उपलब्ध भएमा भुक्तानी दिने निर्णय गरियो।

**प्रस्तावः ज  चालु आ.व. २०७५/०७६ को हालसम्मको आम्दानी खर्चको वारेमा जानकारी गराउने सम्वन्धमा।**

निर्णय नं.  यस नगरपालिकाको चालु आ.व. २०७५/०७६ को हालसम्मको कुल आम्दानी तथा चालू र पूँजीगत खर्चहरूमा व्यय तर्फ चालु खर्च रू. ३९ करोड १ लाख ९८ हजार, रहेको छ भने पूँजीगत खर्च तर्फ २६ करोड ५३ लाख २८ हजार रहेको छ। आन्तरिक आम्दानी तर्फ रू. ५ करोड ७ लाख रहेको त्यस्तै आ.व. २०७५।०७६ मा संचितकोष तर्फ रू. ६ करोड १५ लाख गरी आन्तरिक आम्दानी र संचितकोषको जम्मा रू. १२ करोड २२ लाख रकम रहेको छ।

**प्रस्तावः झ  कर्मचारीहरुको लागि प्रोत्साहन भत्ता र अतिरिक्त समय काम गरेको सुविधा सम्वन्धमा।**

निर्णय नं.  कर्मचारीहरुको लागि प्रोत्साहन भत्ता र अतिरिक्त समय काम गरेको सुविधा समावेश गर्न पाँचौ नगरसभाको दोस्रो बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**प्रस्तावः ञ  विपद् पूर्वतयारी प्रति कार्ययोजना तथा प्रारम्भिक फोहोरमैला व्यवस्थापन गुरुयोजना स्वीकृती गर्ने सम्वन्धमा।**

निर्णय नं.  नगरपालिकावाट निर्माण गरिएका विपद् पूर्व तयारी प्रति कार्ययोजना तथा प्रारम्भिक फोहोरमैला व्यवस्थापन योजना स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्तावः ट  नपुग रकम व्यवस्थापन सम्वन्धमा।**

निर्णय नं.  फोहोरमैला व्यवस्थापन कार्यक्रम अन्तर्गत फोहोरमैला व्यवस्थापनको लागि गाडि तथा जनशक्ति परिचालन शिर्षकवाट कार्यालयले फोहोर मैला व्यवस्थापन गर्दा बापतको ईन्धनमा नपुग रकम, विभिन्न मितिमा भएका बैठकको बैठक भत्ता, अनुगमन भत्ता, दैनिक भ्रमण भत्ता, पत्रपत्रिकाको सूचना/विज्ञापन समेतलाई नपुग रकम कन्टेन्जसेन्सी शिर्षकवाट पुगेमा भुक्तानी दिने निर्णय गरियो।

२०७६।०३।२६

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner